आज मिति २०७७ साल पौष २७ गते विहान ८ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री गुणेन्द्र घर्तीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७७/०७८ को पाचौँ गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

क्र.सं	नाम, थर	पद	हस्ताक्षर
१	श्री गुणेन्द्र घर्ती	गाउँपालिका अध्यक्ष	
२	श्री बाग्मती क्षेत्रीनी	गाउँपालिका उपाध्यक्ष	
३	श्री केशवलाल कवर	वडा अध्यक्ष वडा नं. १	
४	श्री नेत्र बहादुर गिरी	वडा अध्यक्ष वडा नं. २	
५	श्री गञ्ज बहादुर क्षेत्री	वडा अध्यक्ष वडा नं. ४	
६	श्री नमराज थापा	वडा अध्यक्ष वडा नं. ५	
७	श्री अर्जुन सुवेदी	वडा अध्यक्ष वडा नं. ६	
८	श्री मानसिं पुन	वडा अध्यक्ष वडा नं. ७	
९	श्री पुर्ण बहादुर पुन	वडा अध्यक्ष वडा नं. ८	
१०	श्री सुना परियार	कार्यपालिका सदस्य वडा नं. ५	
११	श्री आशा सुनार	कार्यपालिका सदस्य वडा नं. ६	
१२	श्री सुनिता सेकामगर	कार्यपालिका सदस्य वडा नं. ७	
१३	श्री मन्सरी वि.क.	कार्यपालिका सदस्य वडा नं. ८	
१४	श्री तुल्सी सुनार	कार्यपालिका सदस्य वडा नं. १	
१५	श्री चन्द्र मरमथानी	कार्यपालिका सदस्य वडा नं. २	
१६	श्री केशवराज पार्धे	सचिव, प्रमुख प्रशासकीय अधिकृत	
आमन्त्रित			
१	श्री गिर बहादुर विष्ट	का.वा. वडा अध्यक्ष वडा नं. ३	
सहयोगी कर्मचारीहरु			
१	नुमाकान्त कालाथोकी	प्रशासन अधिकृत (छैठौं)	
२	मधुसुदन गैरे	लेखा अधिकृत	
३	दुर्योधन महरा	सहायक कम्प्यूटर अपरेटर	

पाचौँ गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) आ.व. २०७८/०७९ का लागि संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान तथा समपुरक अनुदान तर्फका आयोजना माग सम्बन्धमा ।
२) कर्मचारी श्री सुवर्णराज श्रेष्ठलाई सेवा निवृत्त सुविधा उपलब्ध गराउने सम्बन्धमा ।
३) सहास नेपालको कार्यक्रम अनुमति सम्बन्धमा ।
४) रोजगार कार्यक्रमको योजना स्वीकृति तथा १०० दिने रोजगारका लागि प्राथमिकिकरणमा परेका व्यक्तिहरुलाई रोजगार सम्बन्धमा ।
५) भूमि वैंक सञ्चालन सम्बन्धमा ।
६) जस्तापाता वितरण सम्बन्धमा ।
७) शिक्षा समिति वैठकको निर्णय सम्बन्धमा ।
८) विविध छलफल सम्बन्धमा ।

२०७७ पौष २७ गते बसेको पाचौँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं.	प्रस्ताव	संक्षिप्त व्यहोरा	प्रस्तावित निर्णय	निर्णय
१	आ.व. २०७८/०७९ का लागि संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान तथा समपुरक अनुदान तर्फका आयोजना माग सम्बन्धमा ।	आ.व. २०७८/०७९ का लागि यस गाउँपालिकालाई संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान तथा समपुरक अनुदान तर्फका आयोजना माग गर्न आवश्यक रहेको ।	आ.व. २०७८/०७९ का लागि राष्ट्रिय योजना आयोगले प्रकाशित गरेको सूचना अनुसार आ.व. २०७८/०७९ का लागि समपुरक तथा विशेष अनुदान तर्फ तपशिल वमोजिमका आयोजनाहरु स्वीकृतीका लागि आयोगमा प्रस्ताव पेश गर्ने । **तपशिल** **क) समपुरक अनुदान तर्फ** १) जनज्योति माध्यामिक विद्यालय भवन वडा नं. ६ रु २ करोड २) तेबाङ स्वास्थ्य चौकी भवन वडा नं. ७, २ करोड ३) नेपाल राष्ट्रिय माध्यामिक विद्यालय भवन वडा नं. ८, २ करोड ४) स्वास्थ्य चौकी भवन वडा नं. ३, २ करोड ५) धनभक्त ज्ञान मार्ग अन्तर्गत जुतुङ खोलामा पक्कि पुल वडा नं. ७, २ करोड **ख) विशेष अनुदान** १) स्वास्थ्य चौकी भवन निर्माण (निर्माणाधिन) वडा नं. ५, ३ करोड ७८ लाख २) धारापानी लिफ्ट खानेपानी योजना (निमाणधिन) वडा नं. ४, १ करोड १० लाख ३) चिसापानी, लेख, लिफ्ट खानेपानी योजना वडा नं. ७, १ करोड १३ लाख ४) तुसरपानी खानेपानी योजना वडा नं. १, १ करोड ५६ लाख ५) खुंग्रि ठुलो गाउँ खानेपानी योजना वडा नं. २, १ करोड २१ ला	प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

२	कर्मचारी श्री सुवर्णराज श्रेष्ठलाई सेवा निवृत्त सुविधा उपलब्ध गराउने सम्बन्धमा ।	यस गाउँपालिकामा कार्यरत कर्मचारी श्री सुवर्णराज श्रेष्ठलाई सेवा निवृत्त सुविधा उपलब्ध गराउन आवश्यक रहेको ।	तत्कालिन साविक जिल्ला पञ्चायत सचिवालय रोल्पाबाट मिति २०३९/०५/०८ गते मुखिया पदमा अस्थाई नियुक्ति भई निरन्तर काम गर्दै आउनु भएका जिल्ला समन्वय समितिको कार्यालय रोल्पाको च.नं. ५४४ मिति २०७६/०१/३० को समायोजन गरिएको पत्रानुसार यस गाउँपालिकामा समायोजन भई मिति २०७६/०२/०१ देखि यस गाउँपालिकामा हाजिर भई कामकाज गर्दै आउनु भएका कर्मचारी श्री सुवर्णराज श्रेष्ठलाई निवृत्त सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०७७/०७८ च.नं. १८४ मिति २०७७/०८/२८ को पत्र, जिल्ला समन्वय समितिको कार्यालय रोल्पाको प.सं. २०७७/०७८ च.नं. १२९ मिति २०७७/०९/१६ को पत्र, निजले मिति २०७७/०९/०१ गते देखि लागुहुने गरि दिनु भएको राजिनामा पत्र तथा निजको व्यक्तिगत फाइल समेतका आधारमा निजलाई उपलब्ध गराउनुपर्ने उपदान वापत रु १२५४५७०।- संचित विरामी विदा र घर विदा वापत रु ३८०७७२।- तथा औषधि उपचार खर्च वापत रु ३९६१८०।- गरी जम्मा रु २०३१५२२।- (अक्षरुपी विस लाख एकतिस हजार पाँच सय वाइस मात्र) चालु आ.व. २०७७/०७८ मा कर्मचारी कल्याण कोष तर्फ विनियोजित रकम भुक्तानी गर्ने ।	प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो ।
३	सहास नेपालको कार्यक्रम अनुमति सम्बन्धमा ।	बार्षिक कार्ययोजना २०२१ का लागि सहास नेपाल रोल्पाबाट यस गाउँपालिका भित्र सञ्चालित कार्यक्रम अनुमति गर्न आवश्यक देखिएको ।	बार्षिक कार्ययोजना २०२१ मा यस गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालनका लागि सहयोगी हातहरुको समुह (सहास) नेपाल, रोल्पाद्वारा पेश भएको कुल बजेट रु १८२८६०००।- (अक्षरुपी एक करोड बयासी लाख छयासी हजार मात्र) कार्यक्रम सञ्चालन गर्न अनुमति दिने ।	प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो ।
४	रोजगार कार्यक्रमको योजना स्वीकृति तथा १०० दिने रोजगारका लागि प्राथमिकिकरणमा परेका व्यक्तिहरुलाई रोजगार सम्बन्धमा ।	रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित योजनाहरुलाई सूचीकृत तथा १०० दिने रोजगारका लागि प्राथमिकिकरणमा परेका व्यक्तिहरुलाई रोजगार उपलब्ध गराउनु पर्ने ।	आ.व. २०७७/०७८ को लागि सबै वडा कार्यालयबाट प्रस्तावित संलग्न आयोजनाहरुलाई स्वीकृति गर्ने तथा १०० दिने रोजगारका लागि प्राथमिकतामा परेका व्यक्तिहरुलाई मात्र रोजगारी दिई काममा लगाउने ।	प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो ।
५	भूमि वैंक सञ्चालन सम्बन्धमा ।	भूमि वैंक सञ्चालन गर्न गाउँपालिका इच्छुक रहेको जानकारी भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय काठमाण्डौमा लेखि पठाउने ।	भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको भूमि वैंक सञ्चालन सम्बन्धी संक्षिप्त अवधारणा अध्ययन गर्दा यस गाउँपालिकामा पनि भूमि वैंक सञ्चालन गर्न उपयोगी देखिएकोले सो को जानकारी भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा लेखी पठाउने ।	प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो ।
६	जस्तापाता वितरण सम्बन्धमा ।	चालु आ.व. २०७७ ०७८ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार फुसको छानो विस्थापनका लागि फुसको छाना भएका घरधुरीहरुलाई जस्तापाता उपलब्ध गराउनुपर्ने ।	चालु आ.व. २०७७/०७८ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार फुसको छानो विस्थापनका लागि प्रत्येक वडाहरुबाट १५/१५ घरधुरी वडा कार्यालयको सिफारिस अनुसार उपलब्ध गराउने तथा सुरक्षित नागरिक आवासबाट सञ्चालन हुने २१७ घरधुरीलाई पनि तत्काल कार्यान्वयन गर्ने ।	प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

७	शिक्षा समिति वैठकको निर्णय सम्बन्धमा ।	गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुले निजी श्रोतबाट तलव भत्ता खाने गरी नियुक्ति गरेका शिक्षकहरुको उचित व्यवस्थापन गरि गाउँपालिका क्षेत्र भित्रको समग्र शैक्षिक वातावरणमा सुधार ल्याउन गठित कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न आवश्यक देखिएको ।	प्रतिवेदनको अन्तिम रुप तयार गरी गाउँ शिक्षा समितिबाट पारित भई प्राप्त हुन नआएकोले अन्तिम प्रतिवेदन गाउँ शिक्षा समितिबाट पारित भई प्राप्त हुन आए पश्चात् अर्को कार्यपालिका वैठकमा पेश गर्ने ।	प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो ।
८	विविध छलफल सम्बन्धमा ।	प्रस्ताव भित्र नपरेका अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । क सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।	क) सामाजिक सुरक्षा भत्ता वितरण सेवाग्राहीलाई सहज बनाउनका लागि ग्लोवल आई.एम.ई. वैक सुलिचौर शाखालाई वडा नं. १, ५, ६ र ८ मा शाखा रहित वैंक सञ्चालनका लागि अनुरोध गर्ने ।	प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो । प्रस्तावमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो ।